गुराँस गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीमत्ता, दैलेख
कर्णाली प्रदेश, नेपाल

स्थानीय राजपत्र

खण्डः ०३ संख्याः ०९ मितिः २०७९ साल कात्तिक ६ गते

भाग–२

गुराँस गाउँपालिका

स्थानीय स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन कार्यबिधी २०७९

कार्यपालिकाबाट स्वीकृत मिति : २०७९/०७/०३

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी गुराँस गाउँ कार्यपालिकाको कार्यालयले स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९ जारी गरेको छ ।

परिच्छेद-१
प्रारम्भिक

स्थानीय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने स्वास्थ्य सेवालाई उपलब्ध स्रोत साधनको अधिकतम सदुपयोग गरी सेवालाई थप व्यवस्थित जनमुखी र प्रभावकारी बनाउन, स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापनमा जनसहभागिता परिचालन गर्न नेपालको संविधान २०७२, स्वास्थ्य नीति, २०७१ जनस्वास्थ्य सेवा ऐन, २०७५ को उद्देश्य कार्यान्वयनमा सहयोग पुऱ्याउन, स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापनका लागि गुराँस गाउँकार्यपालिकाले यो कार्यविधि तयार गरेको छ ।

१. **संक्षिप्त नाम** :

१.१ यस कार्यविधिको नाम “स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९” रहनेछ ।

१.२ यस कार्यविधिको आधारमा गुराँस गाउँपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्था तथा सामुदायिक स्वास्थ्य इकाई र आधारभुत स्वास्थ्य सेवा केन्द्रका लागि निर्देशिका बनाई लागु गर्न सकिने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा, यस कार्यविधिमा

२.१ आधारभूत स्वास्थ्य सेवा भन्नाले जनस्वास्थ्य सेवा ऐन, २०७५ को दफा ३को उपदफा (४) वमोजिम आम नागरिकको स्वास्थ्य आवश्यकता पूर्तिका लागि राज्यबाट सुलभ रुपमा निःशुल्क उपलब्ध हुने प्रवर्द्धनात्मक, प्रतिकारात्मक, निदानात्मक, उपचारात्मक र पुनर्स्थापनात्मक सेवा सम्झनु पर्छ ।

२.२ "स्थानीय तह" भन्नाले प्रचलित कानून बमोजिम स्थापित गुराँस गाउँपालिका र अन्तर्गतका सबै वडाहरुलाई सम्झनु पर्दछ ।

२.३ "स्थानीय स्वास्थ्य संस्था" भन्नाले गुराँस गाउँपालिका भित्रका अस्पताल प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, शहरी स्वास्थ्य केन्द्र तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रलाई समेत सम्झनु पर्दछ ।

२.४ "समिति" भन्नाले यस कार्यविधि बमोजिम गठित स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्दछ ।

२.५ "संरक्षक" भन्नाले गाउँपालिका प्रमुख लाई सम्झनु पर्दछ ।

परिच्छेद-२

कार्यविधिको उद्देश्य, समितिको गठन प्रक्रिया, काम, कर्तव्य र अधिकार

२.१ कार्यविधिको उद्देश्य : आधारभूत स्वास्थ्य सेवालाई जनताको मौलिक अधिकारको रुपमा स्थापित गर्दै आफ्नो आवश्यकता अनुरुपको स्वास्थ्य सेवा आफैं व्यवस्थापन गर्न स्थानीय स्रोतको सदुपयोग र जन सहभागिता तथा जनशक्ती परिचालन र कर्मचारी खटनपटन गरी सुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

२.२ समितिको गठन :

१. समितिको गठन यस कार्यविधिको परिच्छेद ८ मा उल्लेख भए बमोजिम हुनेछ ।

२. पदावधिः समितिको पदावधि गठन भएको मितिले ५ वर्षको हुनेछ ।

३. पद रिक्त हुने अवस्था : निर्वाचित पदाधिकारीहरुको हकमा नियमित पदावधि समाप्त भएपछि स्वतः समितिको पदावधि समेत समाप्त हुनेछ। मृत्यु भएमा, राजिनामा दिई सो राजिनामा स्विकृत भएमा, फौजदारी अभियोग लागेमा, लगातार तीन वटा बैठकमा विना सूचना अनुपस्थित भएमा समेत पद रिक्त हुनेछ ।

स्थानीय स्वास्थ्य संस्था सन्चालन तथा व्यवस्थापन कार्यबिधी २०७९

२.३ बैठक सम्बन्धी व्यवस्थाः

१. समितिको बैठक समितिका अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । समितिका अध्यक्षले बैठकको अध्यक्षता गर्नेछन् र निजको अनुपस्थितिमा उपाध्यक्षले अध्यक्षता गर्नेछन् । दुबैको अनुपस्थितिमा तोके बमोजिम वा उमेरमा सवैभन्दा जेष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

२. समितिको बैठक कम्तिमा महिनाको एक पटक बस्नेछ । आवश्यक परेको अवस्थामा कुनै पनि समय बैठक बोलाउन सकिनेछ ।

२.४ समितिको काम, कर्तव्य र अधिकार : समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

क. अघिल्लो बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको स्थितिबारे पुनरावलोक गरी जनस्वास्थ्य कार्यक्रम तथा स्वास्थ्य सेवा सञ्चालन आदिमा आएका समस्याहरु समाधानका लागि पहल गर्ने, र समाधान हुन नसकेमा समस्याहरुको निराकरणको लागि सम्बन्धित तह र निकायहरुमा पठाउने

ख. स्वास्थ्य सस्थामा जनशक्तिका कारणले आई पर्ने समस्यालाई समाधान गर्न स्वास्थ्य कर्मि परिचालन तथा कामकाजमा खटाउने ।

ग. स्वास्थ्य संस्थाबाट सञ्चालन हुने बार्षिक कार्यक्रमहरुको लक्ष्य निर्धारण कार्यान्वयन तथा उपलब्धिको समीक्षा गर्ने । वार्षिक रुपमा सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाइको व्यवस्था गर्ने ।

घ. स्वास्थ्य संस्थालाई प्राप्त कार्यक्रम, योजना, सूचना र परिपत्रहरु भए तिनको समयमै जानकारी गरी गराई कार्यान्वयन गर्ने ।

ङ. सम्वन्धित स्थानीय तहले बनाएको आवधिक कार्यक्रम कार्यान्वयन, अनुगमन, समीक्षा र आवधिक प्रतिवेदन तयार गरी संम्वन्धित तहमा पेश गर्ने ।

च. स्वास्थ्य चौकी/सामुदायिक स्वास्थ्य इकाई/शहरी स्वास्थ्य केन्द्र तथा आभारभुत स्वास्थ्य सेवा केन्द्रको स्तरउन्नति र विकासको सम्बन्धमा आवश्यक नीति, योजना तथा कार्यक्रम तर्जुमा गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने ।

छ. स्वास्थ्य संस्थाहरुको भौतिक सम्पत्तिको संरक्षण तथा नियमित मर्मत सम्भार गर्ने गराउने ।

ज. स्वास्थ्य सेवाबाट वञ्चित स्थानीय समुदायहरुलाई स्वास्थ्य सेवाको पहुँच सुनिश्चितताका लागि आवश्यक कार्यहरु गर्ने ।

झ. स्वास्थ्य संस्थामा भौतिक पूर्वाधार, औषधि, स्वास्थ्यकर्मी र स्वास्थ्य उपकरणहरुको उपलब्धता सुनिश्चित गर्न आवश्यक समन्वयात्मक कार्यहरु गर्ने र सेवा प्रबाहको गुणस्तरीयता सुनिश्चितता गर्न तथ्यमा आधारित स्थानीय स्वास्थ्य योजना बनाउन पहल गर्ने ।

ञ. स्थानीय सरकारको स्वास्थ्य क्षेत्रको लक्ष्य तथा उद्देश्य प्राप्तिको लागि आवश्यक पर्ने अन्य काम गर्ने गराउने । प्रदेश तथा संघीय सरकारका तर्फबाट अन्य थप विशेष कार्यक्रम भएमा सोका लागि आवश्यक सहजीकरण गर्ने ।

ट. गाउँपालिका र सोअन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितीसंग सम्बन्धी विषयहरुमा आवश्यक सञ्चार र समन्वय गर्ने ।

ठ. स्थानीय स्वास्थ्य सुशासन सुदृढीकरण तथा स्वास्थ्य क्षेत्रमा सामाजिक जवाफदेहिता सुनिश्चित गर्ने । समितिको बैठकमा कम्तिमा ५१ प्रतिशत सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

परिच्छेद-३
कार्यक्षेत्र

३. कार्यक्षेत्र :

समितिको कार्यक्षेत्र निम्न बमोजिम हुनेछ ।

३.१. नेपाल सरकारबाट जारी गरिएको आधारभूत स्वास्थ्य सेवा (Basic Health Care Package)प्रवाह र सेवाको न्यूनतम मापदण्ड(Minimum Service Standard) कार्यान्वयनको सुनिश्चितता गराउने ।

३.२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (झ) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाई संग सम्बन्धित (बुँदा १ देखि १२) कार्यक्रमहरुको आफ्नो कार्यक्षेत्र भित्र कार्यान्वयनका लागि व्यवस्थापन, समन्वय र सहजिकरण गर्ने ।

३.३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित प्रदेश र स्थानीय सरकारको साझा अधिकारमा उल्लेख भए बमोजिमका स्वास्थ्य सम्बन्धी कार्यक्रमहरु बुंदा १ देखि १७) आफ्नो कार्यक्षेत्र भित्र आवश्यक कार्यान्वयनका लागि सहयोग, समन्वय र सहजीकरण गर्ने । जनचेतना अभिवृद्धि जस्ता कार्यक्रमहरु लागु गर्न नेतृत्व प्रदान गर्ने ।

३.४. स्वास्थ्यको बृहत् सामाजिक निर्धारक तत्वहरुको (Wider Social Determinants of Health) कारणवारे परिवर्तित जीवनशैली तथा जोखिमपूर्ण व्यवहारवाट मानिसको स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभावहरुको पहिचान गर्न र नसर्ने रोगहरुवाट वच्न रोकथामका उपायहरुबारे प्रचार प्रसार गर्ने ।

३.५. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र, जनसंख्या, लक्षित जनसंख्या, जोखिम र पछाडी परेका वर्ग, गरिव र सिमान्तकृत वर्ग निर्धारण गर्न र स्वास्थ्य तथा सहयोगी कार्यक्रम सञ्चालन गर्नका लागि स्थानीय तहमा सिफारिस तथा सहजीकरण गर्ने ।

३.६. सर्वसुलभ र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउनका लागि आवश्यक मानव स्रोत व्यवस्थापन सम्बन्धी कार्य गर्ने तथा सेवा प्रदायक र स्वास्थ्यकर्मीहरुल सहज रुपमा कार्य गर्न अनुकूल तथा सुरक्षित बातावरण सृजना गर्ने र उच्च कार्य सम्पादनका लागि प्रोत्साहित गर्ने ।

३.७ स्वास्थ्य संस्थाबाट प्रदान गरिएको सेवा, सेवा प्रदायकहरुको कार्यसम्पादन र यसको उपयोगिताको नियमित समीक्षा तथा मूल्यांकन गरी पुरस्कृत समेत गर्ने ।

३.८. स्वास्थ्य संस्थाको भौतिक पूर्वाधार तथा सेवा प्रवाह (भवन, औषधि, औजार उपकरण, फर्निचर) को लागि स्वास्थ्य संस्थाको नियमित स्व-मूल्यांकनका आधारमा आवश्यक स्थानीय बित्तिय स्रोत साधनहरुको पहिचान तथा परिचालनमा सहयोग गर्ने र सो व्यवस्थापनका लागि सम्बन्धित निकायमा आवश्यक सिफारिस, छलफल, बहस, पैरवी गर्ने ।

३.९. स्वास्थ्य सूचनाको उचित व्यवस्थापन गर्न स्वास्थ्य सम्बन्धी तथ्यांक, सूचना संकलन, विश्लेषण गरी सोको उपयोगमा वृद्धि ल्याउने । रेकर्डिङ्ग तथा रिपोर्टिङ्गलाई सुनिश्चित गरी यसको मासिक तथा आवधिक समीक्षा गर्ने ।

३.१०. स्वास्थ्य संस्थाको भौगोलिक कार्यक्षेत्र भित्रको स्वास्थ्य समस्या र आवश्यकतावे विश्लेषण गरी तथ्यमा आधारित योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने ।

३.११. स्वास्थ्य सेवामा सुशासनलाई मध्यनजर गरी जन सहभागिता र सामाजिक जवाफदेहिता सुनिश्चित गर्दै सेवाग्राहीमैत्री स्वास्थ्य सेवालाई सुदृढिकरण गर्न सहयोग र सहजीकरण गर्ने ।

३.१२. विद्युतीय स्वास्थ्य (e-Health) को अवधारणालाई स्थानीय स्तरमा विकास गरी क्रमशः लागुगर्दै जाने । सोको कार्यान्वयनका लागि गाउँपालकिा र सो अन्तर्गतका सामाजिक तथा स्वास्थ्य शाखासंग आवश्यक सहयोग र समन्वय गर्ने ।

३.१३. आफ्नो कार्यक्रमलाई थप प्रभावकारी र जनमुखी बनाउन, अनुभव र सहयोग आदान प्रदान गर्न जिल्ला, प्रदेश तथा संघीय स्तरमा समन्वय गर्ने ।

३.१४. आफ्नो कार्यक्षेत्रका सेवाग्राहीहरुका वीच स्वास्थ्य विमा कार्यक्रमको कार्यान्वयनका लागि आवश्यक योजना तर्जुमा र सहजीकरण गर्ने र सेवाको कार्य सम्पादन र यसको उपयोगिताको नियमित समीक्षा गर्ने ।

३.१५. आयुर्वेद, होमियोप्याथी, यूनानी, प्राकृतिक चिकित्सा जस्ता वैकल्पिक स्वास्थ्य सेवा तथा कार्यक्रमलाई आफ्नो योजनामा समावेश गर्दै सोको कार्यान्वयन, अनुगमन र सहजीकरण गर्ने ।

३.१६. समुदायमा आधारित प्रवर्द्धनात्मक, प्रतिकारात्मक, पुनर्स्थापनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवाका कार्यक्रमहरु योजनामा समावेश गर्दै सोको कार्यान्वयन,अनुगमन र सहजीकरण गर्ने ।

३.१७. महामारी तथा प्राकृतिक प्रकोप जस्ता आकस्मिक स्वास्थ्य सेवाको लागि पूर्व तयारी तथा आवश्यक व्यवस्थापन गर्ने ।

३.१८. प्रेषण प्रणालीलाई क्रियाशील बनाउन आधुनिकीकरण तथा व्यवस्थित गर्ने ।

३.१९. सेवाग्राही तथा सेवाप्रदायकहरुको हकहित संरक्षण तथा अधिकार सुनिश्चित गर्न सहजीकरण गर्ने ।

३.२०. आवश्यक्ता र बिषम परिस्थिती शिर्जना भएको अबस्थामा मौजुदा स्थाई स्वास्थ्यकर्मि (स्थायी) परिचालन तथा काजमा पठाई स्वास्थ्य सेवालाई प्रभावकारी ढङ्गबाट संचालन गर्ने ।

परिच्छेद-४
वित्तीय व्यवस्थापन

४. वित्तीय व्यवस्थापन : स्थानीय स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिले प्रचलित आर्थिक ऐन नियमहरुको परिधिभित्र रही कार्यक्रमहरु सञ्चालन गर्न निम्न बमोजिम वित्तीय व्यवस्थापन गर्न सक्नेछन् । स्थानीय

स्वास्थ्य संस्थाको वित्तीय व्यवस्थापन नेपाल सरकारको आर्थिक ऐन, स्थानीय सरकार संचालन ऐन, २०७४ र गाउँपालकिाको आर्थिक ऐन नियम अनुसार हुनेछ ।

४.१ वजेट तर्जुमा : बजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, गाउँपालिकाबाट प्राप्त हुने सहयोग, अन्तर्राष्ट्रिय वा राष्ट्रिय गैह्रसरकारी संस्थाबाट प्राप्त रकम तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाई समेत आधार बनाउनु पर्दछ ।

(क) स्वास्थ्य संस्थाको थप ब्यबस्थापनका लागि समितिले आर्थिक श्रोतको खोजी गर्ने छ ।

(ख) वजेट तर्जुमा गर्दा संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने अनुदान गाउँपालिकाबाट प्राप्त हुने सहयोग अन्य गैर सरकारी संस्थाबाट प्रप्त हुने सहयोग तथा स्थानीय स्वास्थ्य संस्थाको आम्दानीलाइ समेत आधार बनाउनु पर्दछ ।

४.२ खर्च तथा अभिलेख :

(क) दरवन्दी अनुसारको मानव श्रोतका लागि आवश्यक तलव भत्ता औषधी तथा उपकरणको कमी नहुने गरी गा.पा.बाट प्राप्त अनुदान सुनिश्चित गरी अन्य प्रशासनीक खर्चमा बजेट बाँडफाँड गर्नु पर्नेछ । दरवन्दी बाहेकका जनशक्ती आवश्यक परेमा आर्थिक श्रोतले भ्याउने भएमा मात्र गाउँ सभाको निर्णय र स्वीकृत मापदण्ड बमोजिम जनशक्तीको सेवा करार व्यवस्थापन गर्न सकिने छ ।

(ख) प्रत्येक आ.व.को लागि निर्धारण गरिएको रकम समयमै गा.पा./वडा कार्यालयमा माग गर्नु पर्दछ ।

(ग) प्राप्त रकम सम्वन्धित शीर्षकको कार्यक्रम निर्धारित समयमै सम्पन्न गरी सो को अभिलेख स्वास्थ्य संस्थामा पनि राख्नु पर्दछ ।

(घ) स्वास्थ्य संस्थाको स्वामित्वमा रहेको चल, अचल सम्पत्तीको अभिलेख अध्यावधिक गरी ठीक दुरुस्त राख्नु पर्नेछ ।

(ङ) प्रचलित कानून वमोजिम प्रत्येक वर्ष स्वास्थ्य संस्थाको लेखा परीक्षण तथा समाजिक परीक्षण गराउनु पर्नेछ ।

(च) सम्बन्धित स्वास्थ्य संस्थाको आफ्नै नाममा बैकं खाता खोलिने छ र उक्त खातामा जम्मा भएको रकम स्वास्थ्य संस्था प्रमुख र समितिका अध्यक्ष्यको संयुक्त हस्ताक्षरबाट खाता संचालन हुने छ ।

परिच्छेद ५

संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य र दायित्व

स्वाथ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिका संरक्षक, अध्यक्ष, उपाध्यक्ष तथा सदस्यहरुको काम, कर्तव्य एवं उत्तरदायित्व देहाय बमोजिम हुनेछ ।

५.१ संरक्षक :

५.१.१ आफ्नो गाउँपालिका क्षेत्रभित्र अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्यांकन जस्ता कार्यहरुको लागि सामाजिक विकास र स्वास्थ्य शाखा लगायत स्थानी स्वास्थ्य संस्था सञ्चालन तथा व्यवस्थापन समितिलाई आवश्यक अभिभावकत्व ग्रहण गरी, संरक्षण र प्रोत्साहन गर्ने ।

५.१.२ गाउँपालिका क्षेत्रको स्वास्थ्य अवस्थाको तथ्यगत अवस्थाका बारेमा अद्यावधिक रहने र देखिएका समस्या र सवालहरुको सम्बोधनका लागि पहल गर्ने ।

५.२ अध्यक्ष :

५.२.१ अत्यावश्यक स्वास्थ्य सेवा सर्वसुलभ गराउन प्राथमिकता क्षेत्र तोकी योजना तर्जुमा, कार्न्यान्वयन, अनुगमन तथा मूल्यांकन गर्ने ।

५.२.२ योजना कार्यान्वयनमा प्रभावकारिता ल्याउन कार्यक्रमको कार्य योजना बनाई जिम्मेवार व्यक्ति तोक्ने र समय सीमा निर्धारण गर्ने ।

५.२.३ कार्य योजना बमोजिम पदाधिकारीहरुले कार्य सम्पादनको अनुगमन तथा मूल्याङ्कन गर्ने । स्वास्थ्य संस्थामा गुणस्तरीय सेवा प्रदान गर्ने वातावरण भए नभएको यकिन गर्ने र सो कोसुनिश्चितता गर्ने ।

५.२.४ कर्मचारीहरुको कामको नियमित मूल्याकंन गरी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने र कार्य सन्तोषजनक नभएमा सचेत गराउने ।

५.२.५ कर्मचारीहरुलाई आवश्यकता अनुसार काज, तालीम वा गोष्ठीको आयोजनाको लागि पहल गर्ने । ५.२.६ स्वास्थ्य सेवालाई अझ बढी प्रभावकारी बनाउन आन्तरिक स्रोतले भ्याएसम्म स्वास्थ्य संस्थामा आवश्यकता अनुसार थप कर्मचारी व्यवस्था गर्न आवश्यक पहल गर्ने ।

५.२.७ समितिको वैठकमा कुनै विषयमा मत बाझिएमा निर्णायक मत दिने ।

५.२.८ समय समयमा कार्यालयको निरीक्षण गरी कार्यालयको नगदी, जिन्सीको लगत अद्यावधिक गराउने ।

५.३ उपाध्यक्ष :

५.३.१ अध्यक्षले गर्ने माथिका सबै कार्यहरुको अतिरिक्त निजको अनुपस्थितिमा बैठकको अध्यक्षता गर्नेछन् ।

५.४ सदस्यहरु :

५.४.१ स्वास्थ्य कार्यक्रमहरुको योजना तर्जुमा प्रक्रियामा सक्रिय सहभागिता जनाउने र आवश्यक सहयोग पुऱ्याउने ।

५.४.२ स्थानीय स्रोत साधन जुटाउन, परिचालन गर्न राय, सुझाव र सहयोग पुऱ्याउने ।

५.४.३ कुनै क्षेत्रमा थप स्वास्थ्य कार्यक्रमहरुको आवश्यकता भए समितिलाई जानकारी दिने ।

५.४.४ समितिले कुनै उपसमितिको संयोजक वा सदस्य तोकेमा सोही अनुसार को जिम्मेवारी वहन गर्ने ।

५.४.५ अध्यक्ष र उपाध्यक्षको अनुपस्थितिमा हुने बैठकमा अध्यक्षता गर्नु पर्ने अवस्था परेमा अध्यक्षता गर्ने ।

५.४.६ समितिले निर्णय गरे अनुसार स्वास्थ्य संस्था, कर्मचारी र स्वास्थ्य कार्यक्रमहरुको सुपरीवेक्षण, अनुगमन र रेखदेख गर्ने ।

५.४.७ समितिका सदस्यहरुले पालैपालो गरी मासिक समीक्षामा भाग लिने ।

५.४.८ आधारभूत स्वास्थ्य शिक्षाका कार्यक्रमहरु सवै इकाईमा नियमित सञ्चालन हुने व्यवस्था गर्ने ।

५.४.९ स्वास्थ्य क्षेत्रको बहुआयामिक विकासको लागि बहुक्षेत्रीय समन्वय तथा सहकार्य गर्ने गराउने ।

परिच्छेद-६

कर्मचारी कामकाजमा खटाउन सकिने सम्बन्धी ब्यबस्था :

६.१ कर्मचारी समायोजन ऐन २०७५ र स्वास्थ्य सस्था संचालन तथा ब्यबस्थापन सम्बन्धि बनेको कार्यबिधी २०७९ बमोजिम यस गुराँस गाउँपालिकामा कार्यर मौजुदा स्थाई स्वास्थ्य कर्मि परिचालन तथा कामकाज गर्न खटाउन सकिने छ ।

६.२ अस्पताल, स्वास्थ्य चौकी, आधारभुत स्वास्थ्य सेवा केन्द्र तथा सामुदायिक स्वास्थ्य इकाईमा समेत सेवा प्रवाहमा समस्या सिर्जना भएको खण्डमा केही निश्चित समयका लागी कर्मचारीलाई एक स्वास्थ्य संस्थाबाट अर्को स्वास्थ्य संस्थामा कामकाज गर्ने गरि खटाउन सकिने छ ।

६.३ कामकाजमा खटाउदा स्वास्थ्य सस्थाको कुनैपनि स्वास्थ्य सेवा प्रबाहको काममा बाधा तथा अट्चना नआउने गरि खटाउनु पर्ने छ ।

६.४ एउटै पद तथा तहमा दरबन्दि तेरीज भन्दा बढी भएका स्वास्थ्य कर्मिलाई पनि अर्को स्वास्थ्य सस्थामा कामकाजमा खटाउन सकिने छ ।

६.५ गाउँपालिकाले कर्मचारी कामकाजमा खटाउन आवश्यक ठहरेमा कर्मचारीको पदीय ज्येष्ठता,शैक्षिक योग्यता,तालिम र मनोभावलाई विचार गरि खटाउन सक्ने छ ।

६.५ कुनै कर्मचारी लामो समय सम्म तालिम अध्ययन बिदा तथा अन्य कुनै कारणेल स्वास्थ्य सस्थाको सो पद खाली भई सेवा प्रबाहमा कठिनाई भएमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालय संग समन्वयन गरि पदपुर्ति गर्न सकिने छ ।

६.६ मौजुदा स्थाई स्वास्थ्यकर्मी अपुग भएर स्वास्थ्य सेवा प्रबाहमा समस्या देखियमा एक आर्थिक बर्षका लागी स्वास्थ्यकर्मी सेवा करारमा लिन सकिने छ र आर्थिक बर्ष समाप्त भएपछी आवश्यक्ता परेमा पुनः सेवा नबिकरण गर्न सकिने छ र नवीकरण नगरेको खण्डमा स्वत सेवा करार सम्झौता रद्द हुने छ ।

६.७ यसरी सेवा करारमा लिएका स्वास्थ्यकर्मीहरुलाई कुनै प्रकारको थप सेवा सुबिधा उपलब्ध गराउन सकिने छैन ।

६.८ प्रथम पक्ष वा दुबै पक्षले आर्थिक बर्ष समाप्त हुनु अगावै सेवा करार भंग गर्न चाहेमा सेवा समाप्त हुनुभन्दा १ महिना अगाबै जानकारी गराउनु पर्ने छ ।

६.९ सेवा करारबाट पद पुर्ति गरिएका स्वास्थ्यकर्मीहरुको सेवा सुबिधा गाउँपालिकाको आम्दानीको स्रोतलाई मध्यनजर गरि दुबै पक्षको आपसी सम्झौतामा गरिने छ ।

२. कर्मचारी संगठन संरचना तथादरबन्दी तेरिजः

यस गुराँस गाउँपालिका अन्तरगतका स्वास्थ्य सस्थामा तपसिल बमोजिमको कर्मचारी दरबन्दी तेरिज रहने छ ।

२.१ स्वास्थ्य चौकी तथा आधारभूत स्वास्थ्य सेवा केन्द्र

क्र। सं	पदनाम	तह	समुह	दरबन्दी संख्या			कै
				क	ख	ग	
१	ज स्वा नी/हे अ/सि अ हे व	५/६/७	हे ई	१	१	१	
२	स्टाफ नर्स/सि अ न मी	५/६/७	क नर्सिंङ	१	१	१	
३	अ हे व/सामुदायिक स्वास्थ्य सहायक	४	हे ई	३	२	१	
४	अ न मी/सामुदायिक नर्सिङ सहायक	४	प हे न क नर्सिङ	३	२	१	
५	ल्या अ	४	मे ल्या ट्या	१	१	१	
६	कार्यालय सहयोगी	श्रेणी बिहिन	प्रसासन	१	१	१	
जम्मा				१०	८	६	

क. हे अ/सि. अहेव भन्नाले आधारपद पाँचौ तहमा सेवा प्रवेश गरेको ३ बर्षे एकेडेमिक कोर्ष उत्तीर्ण गरेको वा सि. अ हे व कोर्ष उत्तिर्ण गरेको ५/६/७ औं तहका ज स्वा नी /हे अ/सि. अ हे व लाई समेत बुझाउँछ ।

ख. स्टाफ नर्स/ सि अ न मी भन्नाले पाचौ तहमा सेवा सेवा प्रवेश गरेको ३ बर्षे एकेडेमिक कोर्ष उत्तीर्ण गरेको वा सि अ अ नी कोर्ष उत्तिर्ण गरेको ५/६/७ औं तहका स्टाफ नर्स/ सि अ न मी लाई समेत बुझाउछ ।

नोटःसि नं १ र २ मा बहाल रहेका कर्मचारीहरु अवकास तथा सरुवा भई रिक्त रहेको अबस्थामा हे अ पाचौ तहबाट पदपुर्ति गरिने छ ।

ग. अ हे व/सामुदायिक स्वास्थ्य सहायक भन्नाले हे ई समुहको स्वास्थ्य सहायक चौथो तहलाई जनाउछ । सामुदायमा गई काम गर्ने प्रयोजनका लागी नियुक्ती गरिने हुनाले स्तरबृद्धि पछि पनि सोही पदमा रहि काम गर्नु पर्ने छ ।

घ. अ न मी/सामुदायिक नर्सिङ सहायक भन्नाले क न समुहको नर्सिङ सहायक चौथो तहलाई जनाउछ । सामुदायमा गई काम गर्ने प्रयोजनका लागी नियुक्ती गरिने हुनाले स्तरबृद्धि पछि पनि सोही पदमा रहि काम गर्नु पर्ने छ ।

ङ. ल्याव असिस्टेन्ट भन्नाले सामुदायमा गई काम गर्ने प्रयोजनका लागी नियुक्ती गरिने हुनाले स्तरबृद्धी पछि पनि सोही पदमा रहि काम गर्नु पर्ने छ ।

नोटःसि नं ३ ४ र ५ मा बहाल रहेका कर्मचारीहरु अवकास तथा सरुवा भई रिक्त रहेको अबस्थामा सहायक चौथो तहबाट पदपुर्ति गरिने छ ।

२.२ सम्बन्धित सेवा समुको Job TOR तोकिए बमोजिम हुनेछ ।

२.३ स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्य सेवा केन्द्रको बर्गिकरण

क) ५००० भन्दा बढी जनसंख्या भएको वडाको आधारभुत स्वास्थ्य सेवा केन्द्र

ख) २०००-५००० जनसंख्या भएको वडाको आधारभुत स्वास्थ्य सेवा केन्द्र

ग) २००० भन्दा कम जनसंख्या भएको वडाको आधारभुत स्वास्थ्य सेवा केन्द्र

परिच्छेद-७

स्थानिय स्वास्थ्य संस्थाबाट सञ्चालन गरिने क्रियाकलाप सम्बन्धि व्यवस्था

७.१ आधारभूत स्वास्थ्य तथा सरसफाइ सेवाहरुलाई आधार मानी स्थानीय स्वास्थ्य संस्थाहरुबाट संचालन गरिने स्वास्थ्य कार्यक्रमहरु तथा क्रियाकलापहरु देहाय बमोजिम हुनेछन् ।

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थिङ सेन्टर
योजना तर्जुमा					
क) स्वास्थ्य संस्थाको प्रोफाईल तयार गर्नेलर नियमित रुपमा अध्यावधिक गर्ने	✓	✓	✓	✓	
ख) राष्ट्रिय कार्यनिती र निर्देशनानुसार आफ्नो कार्यक्षेत्रको आवधिक तथा बार्षिक कार्ययोजना तयार गरि सम्बन्धित निकायमा पेश गर्ने ।	✓	✓	✓	✓	
ग) स्वीकृत भई आएका कार्यक्रमहरु कार्यान्वयनका लागी मातहतका निकाय तथा व्यक्तिहरुमा काम र लक्ष्यको बाँडफाड गर्ने	✓	✓	✓	✓	
घ) कार्ययोजना र कार्यतालिका बनाउने र कार्यक्रमकार्यान्वयन गर्ने ।	✓	✓	✓	✓	
परिवार नियोजन कार्यक्रम					
क) आफ्नो कार्यक्षेत्रभित्र परिवार नियोजन सेवा बिस्तार गरि सेवा दिनु पर्ने लक्षित समूहका दम्पतीहरुको लगत तयार गर्ने र अध्यावधिक गरि राख्ने ।	✓	✓	✓	✓	✓
ख) परिवार नियोजनको आवश्यकता, महत्व र फाईदाबारे लक्षित समूह, जनसमुदायलाई जनचेतना फैलाउने ।	✓	✓	✓	✓	✓
(ग) परिवार नियोजनको सेवा तथा परामर्श सेवा उपलब्ध गराउने ।	✓	✓	✓	✓	✓
(घ) बन्ध्याकरण शिविर माग गर्ने र सञ्चालनमा सघाउ पुर्‍याउने ।	✓	✓	✓	✓	✓

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
(ङ) परिवार नियोजनका साधनहरुको प्रयाप्त मौज्दात कायम राख्ने ।	√	√	√	√	√
(च) परिवार नियोजनका साधन अपनाउनेहरुको अनुगमन गरी निरन्तरता कायम गर्ने ।	√	√	√	√	√
सुरक्षित मातृत्व कार्यक्रम					
	√	√	√	√	√
(क) प्रत्येक गर्भवती महिलाको विवरण राख्ने ।	√	√	√	√	√
(ख) गर्भवती महिलाहरुलाई कम्तिमा ४ पटक परीक्षण गरी सेवा र परामर्श दिने ।	√	√	√	√	√
(ग) स्वास्थ्य संस्थामा सुरक्षित प्रशुती सेवा प्रदान गर्ने । जटील अवस्थाका गर्भवती तथा प्रशुतीलाई प्रेषणको ब्यवस्था मिलाउने ।	√	√	√	√	√
(घ) सुत्केरीपछि आमा र शिशुलाई कुनै पनि समस्या परे नपरेको जानकारी लिई आवश्यक परेकालाई घरैमा गई सेवा प्रदान गर्ने ।	√	√	√	√	√
(ङ) सुरक्षित मातृत्वको महत्वबारे स्वास्थ्य शिक्षा दिने, सुरक्षित मातृत्व सम्बन्धी उपलब्ध सेवाबारे बताउने ।	√	√	√	√	√
(च) फिल्डमा कार्यरत स्वास्थ्यकर्मीहरुले महिला स्वास्थ्य स्वयं सेविकाहरुको सहयोग लिई मातृ तथा नवशिशु मृत्युकोकारणहरुको विवरण बनाई राख्ने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
खोप					
(क) खोपको महत्वबारे स्वास्थ्य शिक्षा दिने ।	√	√	√	√	√
(ग) खोप क्लिनिक सञ्चालनको लागि लक्षित समुहको तथ्याङ्क लिई आवश्यक सामग्रीहरुको आपूर्ति गर्ने ।	√	√	√	√	√
(घ) कोल्डचेन कायम राखी भ्याक्सिन आपूर्ति गर्ने ।	√	√	√	√	√
(ङ) खोप क्लिनिक सञ्चालन गर्ने ।	√	√	√	√	√
(च) खोप दिनुपर्ने बाँकी संख्या पत्ता लगाउने र शुक्ष्मयोजना तयार गरी पुरा खोप दिने व्यबस्था मिलाउने ।	√	√	√	√	√
पोषण					
(क) पोषणको महत्वबारे स्वास्थ्य शिक्षा दिने ।	√	√	√	√	√
ख) ३ वर्ष मुनिका बच्चाहरुको बृद्धि अनुगमन गर्ने ।	√	√	√	√	√
ग) कुपोषण भई आएका बच्चा तथा गर्भवती महिलालाई उपचार गर्ने ।	√	√	√	√	√
(घ) कडा खालको कुपोषित व्यक्तिलाई प्रेषण गरी पठाउने	√	√	√	√	√
(ङ) भिटामिन ए तथा आइरन कम भई आएका बच्चा तथा गर्भवती महिलालाइ भिटामिन ए र आइरन चक्की वितरण गर्ने ।	√	√	√	√	√
(च) आयोडिनयुक्त नुनको प्रयोगको प्रवर्द्धन गर्ने ।	√	√	√	√	√
(छ) सन्तुलित भोजनबारे सवै परिवार सम्म चेतना पुऱ्याउन स्वास्थ्य संस्थाहरुमा नियमित छलफल गर्ने गराउने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	नर्थि सेन्टर
झाडापखाला					
(क) झाडापखाला बारे स्वास्थ्य शिक्षा दिने ।	√	√	√	√	√
(ख) ओ.आर.टि.कर्नर स्थापना गरी सँचालन गर्ने ।	√	√	√	√	
(ग) झाडापखालाबाट ग्रसित बिरामीको लेखाजोखा गरी जलवियोजनको स्थिति अनुसार उपचार तालिका अपनाई उपचार गर्ने ।	√	√	√	√	√
(घ) झाडापखाला प्रकोपको मौसम आउनु अगाडी नै पुनर्जलीय उपचार सामाग्रीहरुको मौज्दात स्थिति अध्ययन गरी सोको खाँचो नहुने व्यवस्था मिलाउने ।	√	√	√	√	
श्वासप्रश्वास					
(क) श्वास-प्रश्वास रोगको रोकथाम बारे स्वास्थ्य शिक्षादिने ।	√	√	√	√	√
(ख) आएका श्वास-प्रश्वास रोगीको लेखाजोखा गरी तत्कालैस्तरीय उपचार पद्धति अपनाई उपचार गर्ने	√	√	√	√	√
(ग) उपचार हुन नसकेका विरामीलाई प्रेषण गरी पठाउने र पठाउँदा बाटोमा लाग्ने समयको लागि आवश्यक औषधि उपलब्ध गराउने ।	√	√	√	√	√
(घ) श्वास प्रश्वास रोगको उपचारका लागि आवश्यक औषधिको कमी नहुने व्यवस्था मिलाउने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	नर्थि सेन्टर
औलो					
(क) औलो रोग तथा कालाजार प्रभावित क्षेत्रमा बच्ने उपाय बारे जनचेतना जगाउने ।	√	√	√	√	
(ख) औलो प्रभावित क्षेत्रमा ज्वरो आएको व्यक्ति को रक्त नमुना संकलन कार्य लाई ब्यबस्थित गर्ने ।	√	√	√	√	
(ग) औलो रोग शङ्का गरिएका व्यक्तिको रक्तनमूना लिने, प्रयोगशालामा जाँच गर्न पठाउनेर निर्देशिका अनुसारउपचार गर्ने ।	√	√	√	√	
(घ) औलो रोग नियन्त्रण तथा उपचार गर्न आवश्यक औषधि नियिमित आपूर्ति हुने ब्यवस्था मिलाउने (माग गर्ने,वितरण गर्ने) ।	√	√	√	√	
(ङ) प्रभावित क्षेत्रमा सिफारिश गरिएको औषधि छर्कने र झूल बितरण कार्य सञ्चालन गर्ने ।	√	√	√	√	
क्षयरोग नियन्त्रण					
(क) क्षयरोगको रोकथामका लागि स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने ।	√	√	√	√	
(ख) शंकास्पद रोगीहरुको खकार नमूना संकलन गरी प्रयोगशालामा पठाउने ।	√	√	√	√	
(ग) प्रमाणित भएका रोगीको DOTS विधि अनुसार उपचार गर्ने ।	√	√	√	√	

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
(घ) दर्ता भएका तर उपचारमा नआउने विरामी को खोजी गरी उपचार नियमित गराउने ।	√	√	√	√	
(ङ) उपचारको लागि औषधिको व्यवस्था मिलाउने ।	√	√	√	√	
कुष्ठरोग कार्यक्रम					
(क) कुष्ठरोगको रोकथाम, नियमित उपचार तथा पूनर्स्थापना बारे जनचेतना जगाउने ।	√	√	√	√	
(ख) कुष्ठरोगबाट प्रभावित व्यक्तिहरुका लागि नियमित क्लिनिक संचालन गर्ने ।	√	√	√	√	
(ग) कुष्ठरोगको उपचार र औषधिको प्रतिक्रिया बारे परामर्श दिने ।	√	√	√	√	
(घ) नियमित उपचारमा नआउनेको खोजी गरी नियमित उपचार गराउने ।	√	√	√	√	
(ङ) कुष्ठरोग नियन्त्रणको लागि आवश्यक औषधि अटुट गर्ने व्यवस्था मिलाउने ।	√	√	√	√	
(च) कुष्ठरोगको रोकथाम बारे प्रचार प्रसार गर्ने ।	√	√	√	√	
एड्स तथा यौन रोग					
(क) एच.आई.भी.एड्स यौनरोग रोकथाम सम्बन्धि स्वास्थ्य शिक्षा दिने ।	√	√	√	√	√
(ख) यौनरोगको उपचार गर्ने र शंकास्पद व्यक्ति लाइ परामर्श तथा आवश्यक परीक्षणकालागि रेफर गरी पठाउने	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
महामारी नियन्त्रण तथा प्राकृतिक प्रकोप					
(क) आफ्नो कार्यक्षेत्रमा कुनै महामारी फैलिएमा तत्काल नियन्त्रण कार्य सुरु गरी समुदायलाई सचेत गराउनुका साथै सो बारे माथिल्लो निकाय लाई जानकारी गराउने	√	√	√	√	
(क) आफ्नो स्वास्थ्य संस्थाबाट निस्केको फोहोरमैलाको उचित व्यवस्थापन गर्ने र वरपरको वाताबरण सरसफाई राख्ने ।	√	√	√	√	
(ख) कार्यालय परिसर, सुई, मलहम-पट्टी लगायत स्वास्थ्य सेवा कक्षहरु सफा बनाई राख्ने	√	√	√	√	
(ग) चर्पीको महत्व बुझाई सोको प्रयोग बढाउन समुदायलाई प्रोत्साहित गर्ने ।	√	√	√	√	
(घ) खानेपानी मुहान सफा राख्न जनसहभागिता जुटाउने ।	√	√	√	√	
स्वास्थ्य शिक्षा					
(क) स्थानीय मेला, चाडपर्व आदिमा स्वास्थ्य प्रदर्शनी नाटक, झाँकी आदिको प्रदर्शन गर्ने ।	√	√	√	√	√
(ख) शैक्षिक सामाग्री उपलब्ध गर्ने, सम्भार गर्ने र स्थानीय सचारमाध्यमको उचित प्रयोग गन	√	√	√	√	√
(ग) नियमित रुपले स्वास्थ्य सम्बन्धि विविध विषयमा स्वास्थ्य शिक्षा दिने ।	√	√	√	√	√
(घ) आफ्नो क्षेत्रभित्रका सवै विद्यालयहरुमा स्वास्थ्य शिक्षा कार्यक्रम संचालन गर्ने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
(ङ) राष्ट्रिय अभियानका कार्यक्रमबारे स्वास्थ्य शिक्षा प्रदान गर्ने ।	√	√	√	√	√
गाउँघर क्लिनिक कार्यक्रम					
(क) प्राथमिक स्वास्थ्य सेवा गाउँघर क्लिनिक सञ्चालन हुने स्थान निश्चित गराउने ।	√	√	√	√	√
(ख) कार्यक्रम सम्बन्धी वडा स्तरीय परिचयात्मक गोष्ठीहरु सञ्चालन गर्ने ।	√	√	√	√	√
(ग) गाउँघर क्लिनिक व्यवस्थापन समितिको गठन तथा सञ्चालन गर्ने ।		√	√	√	
(घ) आवश्यक पर्ने औषधि तथा सम्पूर्ण आवश्यक सामाग्रीहरुको आपूर्ति व्यवस्था मिलाउने ।	√	√	√	√	√
(ङ) सुरक्षित मातृत्व, परिवार नियोजन लगायतका अन्य निर्धारित सेवाहरु प्रदान गर्ने ।	√	√	√	√	√
(च) सुक्ष्म योजना अनुसार गाँघर क्लिनिक सञ्चालन भएको छ वा पर्याप्त संख्यामा सेवा प्रदान गरिएको छ भन्ने कुरा यकिन गर्ने ।	√	√	√	√	√
महिला स्वास्थ्य स्वयंसेविका					
क) जनसंख्या/कार्यक्षेत्रको आधारमा छनौट भएका महिला स्वास्थ्य स्वयंसेविकाहरुका लागि कार्यक्रम संचालन गर्ने ।	√	√	√	√	√
(ख) लक्ष्य अनुसार आधारभूत तालिम नियमित रुपमा सञ्चालन गर्ने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
(ग) कार्यक्रमको अर्धवार्षिक समिक्षा र रिफ्रेसर तालिम सञ्चालन गर्ने ।	√	√	√	√	√
(घ महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग नियमित भेटघाट गर्ने तथा आमा समुहको बैठकमा नियमित भाग लिने ।	√	√	√	√	√
(ङ) महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई कण्डम, पिल्स, पुनर्जलीय झोल प्याकेट, आईरन चक्की,जिन्क,सिटामोल, भिटामिन ए, प्राथमिक उपचार, शैक्षिक सामग्री तथा अन्य सामानको आपूर्ति व्यवस्था मिलाउने ।	√	√	√	√	√
उपचार सेवा					
(क) नियमानुसार नियमित रुपमा बहिरङ्ग सेवा सञ्चालन गर्ने ।	√	√	√	√	√
(ख) उपचारको लागि आएका बिरामी जाँच गरी औषधोपचार गर्ने र आवश्यकता अनुसार प्रेषण गर्ने ।	√	√	√	√	√
(ग) आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने ।	√	√	√	√	√
(घ) अन्तरङ्ग उपचार सेवा दिने ।	√	√	√	√	√
(ङ) रक्तचाप परीक्षण,धड्कन/नाडी चेक गर्ने,ज्वरोको नाप, श्वासप्रश्वास , बृद्धि बिकास, तौल उचाई परीक्षण सम्बन्धी सेवा दिन	√	√	√	√	

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
(च) बेहोस, जन्डिस ,रक्तअल्पता ,लिम्फनोड (Lymphnode Enlargment) सुन्निएको (Edema),निलोपन (Cynosis),क्लविङ्ग (Clubbing),छाती,मुटु(Heart)सम्बन्धी उपचार सेवा दिने ।	√	√			
(छ) नसा सम्बन्धी जांच (Neurological Examination) मोटर(Motor), सेनसोरी,(Sensory), मानसिक (Mental Function) ,टाउको र गर्दन जांच ।	√	√			
(ज) पेट सम्बन्धी,यौनाङ्ग परीक्षण (Genitalia Examination) स्पाईनल परीक्षण (Spinal Examination), लिम्बस परीक्षण गर्ने ।	√	√			
(झ) नसर्ने रोगहरु जस्तै, मुटु सम्बन्धी, दीर्घ श्वास प्रश्वास सम्बन्धी रोग,मधुमेह र उच्च रक्तचापको निदान,उपचार, नियन्त्रण तथा रोकथाम सम्बन्धी कियाकलापहरुमा सहयोग गर्ने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
(ञ) ज्वरो, टाउको दुखेको जीउ दुखेकोखोकी लागेको, पाँच वर्ष मुनीको बच्चा बिरामी **(IMNCI)**, न्यून श्वासप्रश्वास छाती पोलेका पेट सम्बन्धी झाडापखाला बान्ता , दिसामा रगत **(Bleeding Per Rectum)**,पिसाबमा रगत **(Bleeding Per Vagina)**,उच्च रक्तचाप **(Hypertension)**,चिनीरोग (**Diabetes**), मलेरीयासम्बन्धी उपचार र व्यबस्थापन गर्ने ।	√	√	√	√	√
मेडिको –लिगल केश					
(क) घाउचोट, लागुपदार्थ सेवन, बलात्कार आदि पुलिस केश जाँच गरी प्रमाणित गर्ने ।	√				
(ख) लास जाँच गरी प्रमाणित गर्ने ।	√				
अनुगमन					
(क) लक्ष्य, प्रगती, सेवाको कभरेज, मुख्य रोग र स्वास्थ्य समस्या सम्बन्धी चार्ट ग्राफ बनाई डिस्प्ले गर्ने ।	√	√	√	√	√
(ख) प्राप्त प्रतिवेदनलाई विश्लेषण गरी प्रत्येक कार्यक्रम तथा गतिविधिको लेखाजोखा गर्न मासिक रुपमा स्टाफ बैठक गर्ने र समीक्षाको आधारमा सम्बन्धित निकायहरुलाई फिडब्याक दिने ।	√	√	√	√	√
(ग) माथिल्ला निकायबाट प्राप्त फिडब्याकलाई स्टाफ बैठक राखी छलफल गर्ने र निर्देशानुसार कार्यवाही गर्ने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
प्रशासनिक काय					
(क) आएको सम्पूर्ण चिठीपत्रहरु दर्ता गर्ने र विषयगत फाइल खडा गरी राख्ने ।	√	√	√	√	
(ख) पठाउनु पर्ने पत्रहरु चलानी गर्ने र विषयगत फाईल खडा गरी प्रतिलिपी राख्ने।	√	√	√	√	
(ग) प्राप्त पत्रहरुमा आवश्यकतानुसार कार्यवाही गर्ने ।	√	√	√	√	
(घ) कर्मचारीको हाजिरी, विदा लगायत सम्पूर्ण व्यक्तिगत रेकर्ड राख्ने ।	√	√	√	√	
(ङ) आगन्तुक तथा सुपरीवेक्षण पुस्तिका बनाई सुपरीवेक्षणमा आउनेको राय मन्तव्य लेखाई राख्ने ।	√	√	√	√	√
(च) मातहतका कर्मचारीहरुले आफ्नो कार्य विवरण अनुसार कार्य गराईरहेका छन् भन्ने कुराको यकिन गर्ने ।	√	√	√	√	
(छ) सन्चालक समिति, परिषद्हरु र इकाईहरुको अभिलेख अद्यावधिक राख्ने ।	√	√	√	√	
अभिलेख तथा प्रतिवेदन					
(क) व्यवस्थापन सूचना प्रणालीले लागु गरेका फर्म,कार्डको प्रयोग गरी सम्पूर्ण स्वास्थ्य कार्यक्र तथा गतिविधिहरुको अभिलेख राख्न तथा निर्धारित मितिभित्र सम्बन्धि निकायमा प्रतिवेदन पठाउने ।	√	√	√	√	√
(ख) आवश्यक पर्ने फर्म, रजिष्टर कमसेकम ३ महिनाको लागि स्टक बाँकी हुदैमा माग गर्ने ।	√	√	√	√	√

स्वास्थ्य कार्यक्रमहरु	अस्पताल	स्वास्थ्य चौकी	आधारभुत स्वास्थ्य सेवा केन्द्र	सामुदायिक स्वास्थ्य ईकाई	बर्थि सेन्टर
अन्य					
(क) स्थानीय स्रोत परिचालन गरी स्वास्थ्य सुधारका कार्यक्रमहरु सन्चालन गर्ने ।	√	√	√	√	
(ख) थप भएका नयाँकार्यक्रमहरु निर्देशिका अनुसार सन्चालन गर्ने ।	√	√	√	√	√
(ग) कृषि र वातावरणको क्षेत्रमा सरोकारवाला पक्षसँग सहकार्य गरी सन्तुलित भोजनको पर्याप्तता, सफा खानेपानी, स्वच्छ वातावरण निर्माणको लागि आवश्यक कार्यक्रम निर्माण र कार्यान्वयन कार्यमा सहयोग गर्ने ।	√	√	√	√	

प्रा.स्वा.के. : प्राथमिक स्वास्थ्य सेवा केन्द्र ।
स्वा.चौ. : स्वास्थ्य चौकी ।
आ.स्वा.से.के. : आधारभुत स्वास्थ्य सेवा केन्द्र
श.स्वा.के. : शहरी स्वास्थ्य केन्द्र ।
सा.स्वा.इ. : सामुदायिक स्वास्थ्य इकाई

परिच्छेद-८

स्वास्थ्य संस्था सञ्चालन तथा ब्यवस्थापन समितिको गठन

७.१. स्वास्थ्य चौकी ब्यबस्थापन तथा सञ्चालन तथा ब्यबस्थापन समिति

क्र.सं.	विवरण	पद
	गाउँपालिका प्रमुख	**संरक्षक**
१	सम्बन्धित स्वास्थ्य चौकी रहेको वडाको वडा अध्यक्ष	अध्यक्ष
२	अध्यक्षले मनोनित गरेको एकजना	सदस्य
३	स्वास्थ्य सस्था रहेको वडाको समग्र शिक्षकबाट १ जना	सदस्य
४	स्थानीय व्यापार संघको प्रतिनिधि एकजना	सदस्य
५	समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट १ जना	सदस्य
६	सम्बन्धित वडा कार्यालयका सचिव	सदस्य
७	स्वास्थ्य चौकी प्रमुख	सदस्य सचिव

७.२. आधारभुत स्वास्थ्य सेवा केन्द्रको स्वास्थ्य ब्यवस्थापन तथा सञ्चालन तथा ब्यबस्थापन समिति

क्र.सं.	विवरण	पद
	गाउँपालिका प्रमुख	**संरक्षक**
१	सम्बन्धित आधारभूत स्वास्थ्य सेवा केन्द्र रहेको वडाको वडा अध्यक्ष	अध्यक्ष
२	अध्यक्षले मनोनित गरेको एकजना	सदस्य
३	स्वास्थ्य सस्था रहेको वडाको समग्र शिक्षकबाट १ जना	सदस्य
४	स्थानीय व्यापार संघको प्रतिनिधि एकजना	सदस्य
५	समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना	सदस्य
६	सम्बन्धित वडा कार्यालयका सचिव	सदस्य
७	आधारभूत स्वास्थ्य सेवा केन्द्र प्रमुख	सदस्य सचिव

७.२. सामुदायिक स्वास्थ्य ईकाईको स्वास्थ्य ब्यबस्थापन तथा सञ्चालन तथा ब्यवस्थापन समिति

क्र.सं.	विवरण	पद
	गाउँपालिका प्रमुख	**संरक्षक**
१	सम्बन्धित सामुदायिक स्वास्थ्य ईकाई रहेको वडाको वडा अध्यक्ष	अध्यक्ष
२	अध्यक्षले मनोनित गरेको एकजना	सदस्य
३	स्वास्थ्य सस्था रहेको वडाको समग्र शिक्षकबाट १ जना	सदस्य
४	स्थानीय व्यापार संघको प्रतिनिधि एकजना	सदस्य
५	समितिबाट मनोनित महिला स्वास्थ्य स्वयंसेविकाहरु मध्येबाट एकजना	सदस्य
६	सम्बन्धित वडा कार्यालयका सचिव	सदस्य
७	सामुदायिक स्वास्थ्य इकाई प्रमुख	सदस्य सचिव

नोट :

१. समितिका पदेन सदस्यहरु संरक्षक, सम्बन्धित वडाका प्रमुख, शिक्षक प्रतिनिधि वडाका सचिव र सम्बन्धित स्वास्थ्य संस्थाका प्रमुखको पहिलो बैठकले समितिक थप सदस्यहरुको मनोनयन गर्नेछ ।

२. बैठकमा निम्न बमोजिम क्षेत्रको अनिवार्य प्रतिनिधित्व रहने गरी सदस्यहरु आमन्त्रित गर्नुपर्नेछ,
   क. दलित जनजातिबाट १ जना
   ख. अपाङ्गता भएका, अशक्त वा जेष्ठ नागरिकहरुमध्येबाट १ जना

३. गाउँपालिका स्तरमा स्वास्थ्य सेवा प्रवाह गर्ने नीजि, गैरसरकारी तथा दात संस्थाका आयोजना र कार्यक्रमका प्रतिनिधिहरुलाई समितिको वैठकमा आमन्त्रितको रुपमा संलग्न गराउन सकिने छ ।

अनुसुचिहरू :

अनुसुचि : १

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा २ (भ) मा भएको गाउँपालिकाको एकल अधिकार क्षेत्र अन्तर्गत उल्लेख भएका स्वास्थ्य र सरसफाईसँग सम्बन्धित काम, कर्तव्य र अधिकारहरु :

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्वन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन

(२) आधारभूत स्वास्थ्य, प्रजनन्स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन

(३) अस्पताल,प्राथमिक स्वास्थ्य सेवा केन्द्र, स्वास्थ्य चौकी र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन

(४) स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन

(५) स्वच्छ खाने पानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनीको प्रदुषण नियन्त्रण र नियमन

(६) सरसफाई सचेतनाको अभिबृद्धि र स्वास्थ्य जन्य फोहोरमैलाको व्यवस्थापन

(७) स्वास्थ्यजन्य फोहोरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन

(८) रक्त संचार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा सञ्चालन

(९) औषधि पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन

(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रवाट निष्कासित फोहोरमैला व्यवस्थापनमा निजि तथा गैर सरकारी क्षेत्रसंग समन्वय, सहकार्य र साझेदारी

(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्वन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन र नियमन

(१२) महिला तथा वालवालिकाको कुपोषण न्यूनीकरण रोकथाम, नियन्त्रण

अनुसुचि : २

नेपालको संविधान अनुसूचि-९ मा उल्लेख भए वमोजिम र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा ४ (ख) मा उल्लेखित संघ तथा प्रदेशसंगको सहकार्यमा प्रयोग गर्ने स्थानीय सरकारको स्वास्थ्यसंग सम्वन्धित साझा अधिकार सम्बन्धी कार्यक्रमहरु :-

स्वास्थ्य :

(१) संघीय तथा प्रदेशस्तरीय लक्ष र मापदण्ड वमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्वन्धी लक्ष र गुणस्तर निर्धारण गर्ने ।

(२) जनरल अस्पताल, नर्सिङ्गहोम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरुको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन गर्ने । (३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीवुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण गर्ने ।

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनको न्यूनतम मूल्य निर्धारण र नियमन

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकर

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन

(९) स्थानीयस्तरमा जन स्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स)

(१०) स्थानीयस्तरको प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्यवृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन

१३) सुर्ती, मदिरा र लागु पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायत परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन

(१५) जनस्वास्थ्य आपत्कालिन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन

(१६) रोगको नियन्त्रण तथा रोकथाम

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन ।

आज्ञाले
बम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत